# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।१२।२८ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------

हेटौंडा सिमेन्ट उद्योग लिमिटेड हेटौंडामा कार्यरत जितेन्द्रराज पाठकले बढुवा प्रयोजनको लागि आई.ए. तहको नक्कली शैक्षिक योग्यताका प्रमाणपत्रहरु पेश गरी सेवामा कार्यरत रहेको हुँदा छानबिन गरी पाउँ भन्ने व्यहोराको उजुरीउपर अनुसन्धान हुँदा निज वरिष्ठ अधिकृत जितेन्द्रराज पाठकले बिहार विद्यालय परीक्षा समिति, पटना, भारतअन्तर्गतको Udya Narayan Sharma, Saryuga Kunwar and Radha Ballabh Pd. Singh Collage बाट प्राप्त आई.ए. तहको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सरकारी सेवामा प्रवेश गरी विभिन्न तहमा बढुवासमेत भएको देखिँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निज हाल अवकास प्राप्त जितेन्द्रराज पाठकलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता